BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# भाषानीति, यसको कार्यान्वयन र नेपाली भाषाको अवस्था

**दामोदर रिजाल***
drijal2011.dr@gmail.com

Received: Sept. 9, 2021, Accepted: Dec. 15, 2021

## सारसङ्क्षेप

*देशभित्रका सबै मातृभाषाहरूको समान संरक्षण, विकास र प्रवर्द्धन गरी संवैधानिक व्यवस्थालाई परिचालन गर्ने सरकारी चिन्तनको समष्टिपुञ्ज नै भाषानीति हो । संसारमा अहिलेसम्म एकल तथा बहुल गरी दुईप्रकारका भाषानीतिहरू निर्धारण र प्रयोग भएका देखिन्छन् । कुनै पनि बहुभाषिक देशमा एकल भाषानीति सफल भएको पाइँदैन भने बहुल भाषानीतिलाई पनि सही ढङ्गले कार्यान्वयन गर्ने सङ्गठन, तत्परता र कार्यविधि नहुँदा नेपालजस्ता थुप्रै देशमा त्यसले पनि अपेक्षित प्रतिफल दिन सकिरहेको छैन । नेपालमा २००७ सालयताका सरकारहरूले लागु गरेको एकल भाषानीतिको ऐतिहासिक सर्वेक्षण गरिएको यस अध्ययनमा प्रजातन्त्रको पुनर्स्थापनापछि जारी गरिएका तीनवटै संविधानबाट बहुल भाषनीति र बहुल भाषिक अधिकारको कार्यान्वयन झन्झन् कसिलो र पेचिलो बन्दै गएको सन्दर्भलाई स्पष्ट पारिएको छ। मातृभाषामा नै प्राथमिक शिक्षा पाउनुपर्ने बालबालिकाको संवैधानिक भाषिक अधिकारको उपेक्षा गर्ने सरकारी निकाय र नेपालका रैथाने मातृभाषाहरूलाई समाप्त पारेर तिनलाई पहिचानशून्य बनाउने एकप्रकारका माफियाहरूको चक्रव्यूह तोडेर सरकारी भाषानीति कार्यान्वयन हुनुपर्ने दृष्टिकोण भएको यस अध्ययनमा नेपाली भाषा बाह्य तथा आन्तरिक दाउपेचको सिकार भई सङ्क्रमणकालीन अवस्थामा रहेकाले यसको स्वत्वरक्षाका लागि पनि राज्यस्तरबाट पहलकदमी हुनुपर्ने निष्कर्ष निकालिएको छ।*

**शब्दसूची** : *एकल भाषानीति, स्तरगत योजना, लिपीकरण, द्वैभाषिकता, बहुभाषिकता।*

## विषयपरिचय

ऐतिहासिक कालखण्डमा पटकपटक विभिन्न साम्राज्यवादी शक्तिहरूलाई परास्त गर्दै बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक एकतालाई दरिलो बनाउँदै क्रमशः विश्वसामु चिनिएको नेपालमा २००७ सालअघिका राज्यसञ्चालकहरूले न त कानुनी राज्यको अवधारणालाई स्वीकार गरेका थिए न त देशभित्रका सबै भाषा, साहित्य, कला, धर्म-संस्कृति, रीतिरिवाज आदिलाई गोलबन्द गर्ने योजना र नीति अख्तियार गर्न सकेका थिए । विश्वपरिप्रेक्ष्यमा देखापरेका अनेक स्वतन्त्रताआन्दोलनलाई साक्ष्यका रूपमा ग्रहण गर्दै जहानियाँ तथा एकतन्त्रीय राणाशासनविरुद्धको क्रान्ति सफल भएपछि हरेक नागरिकका आस्था, मूल्यमान्यता र जीवनशैलीलाई समान प्रश्रय दिने प्रजातान्त्रिक शासनव्यवस्था देशमा स्थापना भएको हो । आरोहअवरोहपूर्ण लगभग एक दशकको प्रजातान्त्रिक अभ्यासपछि सम्पन्न आमनिर्वाचनबाट निर्वाचित सरकारका सामाजिक पक्षमा भएका अनेक जनसमर्थित सुधारका कामबाट अत्तालिएका देशीविदेशी कुतत्त्वको गठजोडमा असंवैधानिक ढङ्गले तत्कालीन सरकार, संसद र व्यवस्थालाई अपदस्थ गरियो जसका कारण नेपाली व्यवहारमा घुलमिल भएका अनेक भाषा, साहित्य, कला, संस्कृति, लोकपरम्परा आदि पक्षको विकासमा अवरोध मात्र सिर्जना भएन समग्रमा यिनको अस्तित्वलाई समेत अस्वीकार गरियो । राष्ट्रिय जीवनका अभिन्न अङ्ग रहेका यी विविध पक्षको संरक्षण एवम् प्रवर्द्धनका लागि प्रजातान्त्रिक शासनप्रणाली अनिवार्य ठान्ने साहित्यकर्मी, कलाकर्मी, भाषासेवी, धार्मिक-सांस्कृतिक क्षेत्रका प्रबुद्धवर्ग, सामाजिक अभियन्ताहरू तथा आमजनताको साथसमर्थनमा जनआन्दोलनमार्फत प्रजातन्त्रको पुनर्स्थापना भई देशले तोकिएकै समयसीमाभित्र नेपाल अधिराज्यको संविधान २०४७ प्राप्त गरेको हो । परिवर्तित नयाँ राजनैतिक व्यवस्थाअनुसार संविधानतः राष्ट्रिय भाषानीतिका पक्षमा पहिलोपल्ट एउटा सकारात्मक अवधारणा अगाडि आएको पाइन्छ भने २०४८ सालमा सम्पन्न आमनिर्वाचनपछि

* Mr. Rijal is Associate Professor in Nepali at Birendra Multiple Campus (Tribhuvan University)

गठित सरकारले संवैधानिक व्यवस्थालाई व्यवहारतः कार्यान्वयन गर्न २०५० सालमा तिलविक्रम नेवाङ्गको संयोजकत्वमा गठित राष्ट्रिय भाषानीति सुधार आयोगद्वारा प्रस्तुत सुझाउहरू, निरङ्कुशताविरुद्धको ऐतिहासिक दोस्रो जनआन्दोलनपश्चात् आमसहमतिको अभिलेखका रूपमा घोषित नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था भएका नेपालका भाषासम्बन्धी प्रावधानहरू र लगभग सत्तरी वर्षको प्रयत्नपछि देशमा संविधानसभाको निर्वाचन भई जारी भएको नेपालको संविधान २०७२ ले तय गरेका भाषासम्बन्धी संवैधानिक उल्लेखहरू भाषानीति र योजनाका सन्दर्भमा कोसेढुङ्गा साबित भएका छन् । यिनै ऐतिहासिक परिप्रेक्ष्यमा राष्ट्रिय तथा वैयक्तिक जीवनमा विचारविनिमयको महत्त्वपूर्ण र नभई नहुने अङ्ग भाषा र यससम्बन्धी नीति र योजनाका सन्दर्भबाट नेपाली भाषाको वर्तमान अवस्थाका सम्बन्धमा आवश्यक छलफल गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

## अध्ययनको समस्या

कुनैपनि देशभित्र बोलिने सम्पूर्ण मातृभाषाहरूको समान स्तरोन्नति र मानकीकरणका लागि ठोस भाषानीति अनिवार्य र अपरिहार्य हुन्छ । निर्धारित भाषानीतिकै अधीनमा रहेर राज्यले भाषाविकासमा विशेष चासो लिएको हुन्छ र कुन भाषालाई राष्ट्रभाषा, कुन भाषालाई सम्पर्कभाषा, कुन भाषालाई माध्यमभाषा र कुन-कुन भाषालाई राष्ट्रिय भाषा तुल्याउने भन्ने विषयको छिनोफानो गर्छ । समाजभाषाविज्ञानको सैद्धान्तिक अवधारणाअनुसार नेपालको भाषानीतिको स्वरूप निर्धारण गर्दै त्यसको कार्यान्वयनका सन्दर्भमा नेपाली भाषाको वर्तमान अवस्थाको चर्चा गर्नु यस अध्ययनको समस्या हो । यस समस्याको विस्तृत खोलुवाका लागि तल लेखिएबमोजिमका प्रश्नहरू उपस्थापन गरिएको छ :

नेपालमा के-कस्तो भाषानीति अख्तियार गरिएको छ ?

नेपालमा भाषानीतिको कार्यान्वयन कुन स्तरको छ ?

भाषानीतिका दृष्टिले नेपाली भाषाको वर्तमान अवस्था के-कस्तो छ ?

## अध्ययनको उद्देश्य

नेपालका सबै मातृभाषाहरूको संरक्षण, विकास र विस्तारमा एकल भाषानीति असफल भएको परिप्रेक्ष्यमा अङ्गीकार गरिएको बहुल भाषानीति र भाषायोजनाबिचको तारतम्य र बहुभाषिक देश नेपालका थुप्रै मातृभाषाहरू सङ्कटापन्न र लोपोन्मुख रहेको कुरालाई कारण देखाएर बारम्बार नेपाली भाषामाथि पहिचानवादीहरूद्वारा विद्वेषपूर्ण आक्रमण भइरहेको विषयलाई भाषानीतिको कार्यान्वयनसँग जोडेर चर्चा गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । भाषानीतिको कार्यान्वयनसँग सम्बद्ध समस्याहरूलाई निम्नलिखित पक्षबाट समाधान गर्ने उद्देश्य राखिएको छ :

नेपालको भाषानीतिको ऐतिहासिक विवेचना गर्नु,

नेपालमा भाषानीति कार्यान्वयन फितलो हुनाका कारणको चर्चा गर्नु,

नेतृत्वदायी नेपाली भाषाको प्रयोगगत पक्षपोषण गर्नु ।

## अध्ययनविधि

यो अध्ययन गुणात्मक विधिमा आधारित छ । पुस्तकालयीय विधिको प्रयोग गरी द्वितीयक स्रोतबाट विश्लेष्य सामग्री सङ्कलन गरिएको यस अध्ययनमा विषयसम्बद्ध सैद्धान्तिक विमर्शका लागि विषयकेन्द्री सन्दर्भ पुस्तक, पत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख-रचना, अनुसन्धान प्रतिवेदन आदिको सहयोग लिइएको छ । आवश्यकताअनुसार वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक ढङ्गले विषयको समीक्षा गरिएको यस अध्ययनको लेखनलाई एपिए पद्धतिअनुसार व्यवस्थापन गरिएको छ ।

## भाषानीतिको सैद्धान्तिक अवधारणा

कुनै पनि देशका नागरिकहरूले दैनिक व्यावहारिक जीवनमा प्रयोग गर्ने कथ्य वा लेख्य स्वरूपका राष्ट्रिय भाषाहरूको संरक्षण, सम्वर्द्धन, विकास र स्तरीकरणका लागि राज्यले अख्तियार गर्ने अल्पकालीन वा दीर्घकालीन नीति नै भाषानीति हो र समाजभाषावैज्ञानिक दृष्टिअनुसार सचेत रूपमा कुनै खास समाजका भाषाहरूलाई प्रभावित पार्ने, प्रयोजनपूर्ण ढङ्गले राज्यभित्रका कुनकुन भाषालाई कतिकति समयमा कस्तोकस्तो स्वरूपमा विकास गर्ने र देशभित्रका सबै भाषालाई केकसरी निरन्तरता दिने भन्ने भाषासम्बन्धी राष्ट्रको नीति नै एकातिर भाषानीतिको तात्पर्य हो (पौडेल र भट्टराई, २०७७ : पृ. ५) भने अर्कातिर देशभित्रका अल्पसङ्ख्यक वा बहुसङ्ख्यक नागरिकले बोल्ने भए पनि लेख्ने भए पनि त्यस्ता सम्पूर्ण भाषाहरूले राज्य वा सरकारबाट विकास र संरक्षणका समान अवसर र जुनसुकै मातृभाषाभाषीले आफ्नो मातृभाषामा नै शिक्षाको अवसर पाउनुपर्छ भन्ने सामाजिक न्यायको अवधारणा पनि हो । यसअन्तर्गत मूलतः भाषालाई राष्ट्रका हितमा प्रयोजनपरक ढङ्गले सरकारी कामकाज, शिक्षा, व्यापार, सञ्चार, सम्पर्क आदि पक्षमा कुनकुन भाषालाई कसरी प्रोत्साहित गर्ने र लोपोन्मुख, सङ्कटापन्न र मृतप्रायः भाषाहरू संरक्षणका लागि कस्तो भाषिक रणनीति तर्जुमा गर्ने भन्ने विषयले महत्त्व पाएका हुन्छन् भने देशभित्र राष्ट्रिय भाषा, प्रादेशिक भाषा र स्थानीय भाषाको अवधारणालाई कसरी कार्यान्वयन गराउने तथा केके पूर्वाधारहरू पुरा गरेपछि भाषाले राष्ट्रभाषा एवम् अन्तर्राष्ट्रिय भाषाको मान्यता धारण गर्न सक्छ भन्ने कुरा पनि यसकै कार्यक्षेत्रभित्र समेटिने विषय हो (पोखरेल, २०७४ : पृ. २०-२१) ।

भाषिक क्षेत्रसँग सम्बन्धित यावत् समस्यालाई कानुनतः व्यवस्थित गर्न भाषानीति तय गरिन्छ र त्यो नीति एक भाषिक भए पनि बहुभाषिक भए पनि त्यसको सफल, दिगो, भरपर्दो र समानतामूलक कार्यान्वयनका लागि स्तरगत र संरचनागत योजना नभई हुँदैन । स्तरगत योजना मूलतः कुनै भाषालाई राष्ट्रभाषा, राज्यभाषा/राष्ट्रिय भाषा, प्रादेशिक भाषाको मान्यतासम्बन्धी प्रक्रियासित सम्बन्धित हुन्छ भने यसैका आधारमा कामकाज, सम्पर्क, शिक्षा, सञ्चार क्षेत्रका भाषाहरू निर्धारित हुन्छन् (घिमिरे, २०६५ : पृ. १४७, १५७) । कुनै पनि भाषाको व्याकरणिक तह, शब्दभण्डारको अवस्था र प्रकार्यको विस्तारलाई सुधार्ने काम र लेखनशैलीको विकास, हिज्जेको व्यवस्थापन आदि पक्षलाई संरचनागत योजनासँग जोडेर हेर्ने गरिन्छ । भाषा र संस्कृतिले आफ्नो परिवार र समाजलाई एकताबद्ध गर्ने भएकाले आफ्नो मातृभाषा र संस्कृति जसले बिर्सन्छ उसले वास्तविक रूपमा आनन्द लिन सक्दैन त्यसैले भाषानीतिलाई सामाजिकता र राष्ट्रियताले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ भने कुनै पनि भाषा सामर्थ्ययुक्त र सामर्थ्यहीन हुँदैन भन्ने मातृभाषाभाषीहरूमा उदाएको चेतनाबाट पनि यो अप्रभावित रहन सक्दैन । भाषासम्बद्ध राजनीति वा रणनीति यसलाई सबैभन्दा बढी प्रभावित तुल्याउने तत्त्व हो र भाषाको स्तरगत उन्नयनसँग गाँसिएका अनेक प्रश्नहरू र संसारभर देखिएका भाषिक विवादहरू यसैका सहजात उत्पादन हुन् त्यसैले आ-आफ्नो देशका विशिष्ट भाषिक स्वरूपलाई सुहाउँदो र प्रायः सर्वस्वीकार्य भाषानीति कार्यान्वयन गर्न राज्य/सरकार तयार हुनुपर्छ ।

## नेपालमा भाषानीतिसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको लगभग सत्तरी वर्षे संवैधानिक विकासको पूर्वार्द्धमा भाषानीतिले खासै महत्त्व पाएको देखिँदैन । प्रजातन्त्रको पुनर्स्थापनाभन्दा अगाडिका नेपाल सरकारको वैधानिक कानुन २००४, नेपाल अधिराज्यको संविधान २०१५ र नेपाल अधिराज्यको संविधान २०१९ गरी तीनवटै संविधानमा एक नीति एक भाषालाई अर्थात् एकल भाषानीतिलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ र त्यहाँ देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा र राष्ट्रभाषा हुने छ भन्ने मात्र लेखिएको छ । २०४७ सालको परिवर्तनपछि पहिलोपल्ट नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुने छन् भन्ने कानुनी व्यवस्था भयो र विभिन्न धर्म, जात, सम्प्रदाय र भाषाभाषीबीच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, लिपि, कला, संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने बहुल भाषानीति राज्यले अवलम्बन गर्‍यो । देवनागरी लिपिमा नेपाली नेपालको सरकारी कामकाजको भाषा एवम् राष्ट्रभाषा हुने छ अनि प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म

आफ्नो मातृभाषामा शिक्षा दिन सक्ने पनि व्यवस्था भयो (नेपाल सरकार, २०४७ : पृ. २, ७) ।

यही संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा तत्कालीन सरकारद्वारा २०५० सालमा गठित राष्ट्रिय भाषानीति सुझाउ आयोगद्वारा प्रस्तुत सुझाउहरू नेपालका राष्ट्रिय भाषाहरूको उत्थान, संरक्षण र विकास तथा भाषानीतिनिर्माणमा विशेष उल्लेखनीय र महत्त्वपूर्ण देखापर्छन् । बालबालिकालाई आ-आफ्नै मातृभाषामा प्राथमिक तहसम्मको शिक्षा दिने, सञ्चारक्षेत्रमा मातृभाषाको प्रयोग बढाउने, राष्ट्रिय भाषाहरूको आधुनिकीकरण र मानकीकरणका लागि संरचनागत र स्तरगत योजना तर्जुमा गर्ने, साहित्यको विकास र विस्तारलाई मातृभाषाकेन्द्री तुल्याउने, राष्ट्रिय भाषापरिषद्को गठन हुनुपर्नेजस्ता थुप्रै महत्त्वपूर्ण विषयहरू सुझाउका रूपमा आएका हुन् । आदिवासी जनजाति समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कला आदिको संरक्षण र विकासका कार्यक्रम तर्जुमा गर्ने अधिकारप्राप्त आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको गठन, केही मातृभाषामा प्राथमिक तहको शिक्षाप्रारम्भ, सञ्चारका श्रव्य, दृश्य र पाठ्यमाध्यमहरूमा मातृभाषाको प्रयोग, त्रिभुवन विश्वविद्यालयमा भाषाविज्ञान विभागको स्थापना तथा स्नातकोत्तर तहको पठनपाठन प्रारम्भजस्ता सकारात्मक कामहरू सरकारबाट कार्यान्वयन भएका हुन् जसबाट भाषिक क्षेत्रमा लागेका बुद्धिजीवीहरूलाई उत्साह प्राप्त भएको छ । जनस्तरबाट भाषिक समानता, मातृभाषा संरक्षणका लागि भाषिक समुदायसम्म पुगेर सचेतना वृद्धि गर्ने प्रेरणा प्राप्त भएको हो तापनि राष्ट्रिय भाषाहरूको समग्र उत्थानका लागि मातृभाषा परिषद् र भाषा प्रतिष्ठानको गठन, राष्ट्रभाषा र राष्ट्रिय भाषाहरूबीच कायम रहेको असमानता हटाउनेतर्फ सकारात्मक काम हुन नपाउँदै देशीय राजनैतिक परिघटनाबाट नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आयो । यसबाट नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाको दर्जा प्राप्त भयो र सरकारी कामकाजमा देवनागरी लिपिमा नेपाली भाषालाई अनिवार्य गरिए पनि स्थानीय निकायका कार्यालयहरूमा मातृभाषाको प्रयोगलाई स्वायत्तता दिइयो । साथै राज्यबाट नागरिकहरूबिच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा र वैचारिक आस्थाका आधारमा कुनै भेदभाव नहुने तथा नेपालका प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र सम्वर्द्धनको हक कायम हुने संवैधानिक व्यवस्थापछि बहुभाषिक विशेषताप्रति राज्य संवेदनशील र सचेत भएको हो ।

आजसम्मको संवैधानिक इतिहासमा यस अन्तरिम संविधानले बहुल भाषानीतिलाई जसरी स्पष्टताका साथ सम्बोधन गरेको छ त्यो युगान्तकारी र ऐतिहासिक महत्त्वको देखापर्छ । यिनै संवैधानिक पूर्वप्रतिबद्धताका आडमा सरकारी तथा गैरसरकारी तहमा विषयविज्ञहरूको व्यापक सहभागिताबिच अनेक अन्तर्क्रिया, संवाद, गोष्ठी र कार्यशाला गरेर भाषानीतिसम्बन्धी सुझाउ र सैद्धान्तिक पक्ष एकत्रित गरी नेपालको संविधान २०७२ मा भाषानीतिका आधारभूत कुराहरू समाविष्ट गरिएका छन् । बहुभाषिक नीति अवलम्बन गर्दै प्रत्येक व्यक्ति र समुदायले आफ्नो भाषाप्रयोग गर्न, नेपालमा बसोबास भएको नेपाली समुदायले आफ्नो मातृभाषामा शिक्षा लिन पाउने गरी प्रत्याभूति गराइएको यस संवैधानिक व्यवस्थामा नेपालका सबै भाषाहरूलाई राष्ट्रभाषाको दर्जा, सरकारी कामकाजमा नेपाली भाषाप्रयोगको सुनिश्चितता, प्रादेशिक भाषाको अवधारणा र भाषा आयोगको गठनजस्ता विषयहरू समावेश भएका छन् । बहुभाषिक विशेषतालाई आत्मसात् गर्दै नेपालका भाषाहरूबिच एकता, सहिष्णुता र सहभाव कायम राखी कुनै पनि नागरिकप्रति भाषिक भेदभाव नगरी समतामूलक राज्यनिर्माण गर्ने कानुनी प्रतिबद्धता व्यक्त भएको छ। नेपालमा अख्तियार गरिएको भाषानीतिको कार्यान्वयनका लागि केही महत्त्वपूर्ण निर्णयहरू भएका छन् । आवश्यक कानुन निर्माणपश्चात् नेपालभित्रका भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गरी तिनको सम्वर्द्धन तथा विकास गर्ने, सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्राप्त गर्न सम्पन्न गर्नुपर्ने आधार तयार गरी सिफारिस गर्ने र बहुभाषिक नीतिअनुसार विभिन्न भाषाहरूबिच ऐक्यबद्धता कायम गरी सहयोगात्मक सम्बन्ध स्थापित गर्ने अधिकारप्राप्त भाषा आयोगको गठन गरिएको छ । थारु समुदायको भाषा, लिपि, संस्कृति, साहित्य आदिको संरक्षण र सम्वर्द्धनका लागि कार्यक्रम गर्ने-गराउने अधिकारप्राप्त थारु आयोग, मुस्लिम समुदायको भाषा, लिपि, संस्कृतिजस्ता पक्षको प्रभावकारी संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यक्रमको जिम्मेवारी पाएको मुस्लिम आयोग र मधेशी समुदायका भाषा, संस्कृति, इतिहास, परम्परा, साहित्य आदिको अध्ययन, अनुसन्धान गरी त्यस्ता पक्षको संरक्षण र विकासका कार्यक्रम तर्जुमा गर्ने अधिकारसहित मधेशी

आयोगको गठन भई कानुनमा व्यवस्था भएका कामहरू सम्पन्न हुँदै आइरहेका छन् । यी सबै संस्थासित समन्वय गरी काम गर्न आवश्यक भाषा प्रतिष्ठान, भाषा परिषद्, भाषा ऐन र भाषा आयोगका प्रादेशिक संरचनाहरू अझै निर्माण भएका छैनन् जसले गर्दा राज्यको भाषा नीति कार्यान्वयन हुन ढिला भइरहेको छ । उत्तरोत्तर अग्रगामी हुँदै आएका यी संवैधानिक व्यवस्थाहरू जति राम्रा र लोभलाग्दा भए पनि भाषिक समुदायको हितका लागि तिनको व्यापक कार्यान्वयन राज्यस्तरबाट नहुँदासम्म लक्षित उपलब्धि हासिल हुन नसक्ने कुरा घामजत्तिकै छर्लङ्ग छ त्यसैले राज्य, राजनैतिक सङ्गठन र जनस्तरका भाषिक सङ्घ-सङ्गठनहरू सदैव क्रियाशील हुनु आजको आवश्यकता हो ।

## भाषानीति कार्यान्वयनका चुनौती

नेपालको मौजुदा संवैधानिक व्यवस्थाअनुरूप बहुभाषिक नीति कार्यान्वयन गर्ने दिशामा देश अगाडि बढेको छ र केही ढिलै भए पनि भाषा आयोगलगायत विभिन्न आयोग कानुनतः गठन भई सम्बन्धित क्षेत्र एवम् जातजातिका भाषाहरूको संरक्षण, उन्नयन र विकाससम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिइसकिएको छ । नेपालका सङ्कटापन्न, अपसरणशील, सुषुप्त, लापोन्मुख भाषाहरूको प्राथमिकताका आधारमा पहिला संरक्षण र तत्पश्चात् उन्नयनमा सरकारका संयन्त्रहरूले तदारुकतासाथ काम गर्नुपर्ने ठुलो चुनौती छ । वर्तमान संविधानबाट नेपालका हरेक भाषिकसमुदायले पहिचानको हक मात्र पाएका होइनन् त्यसलाई मानवअधिकारकै एउटा पाटो ठानेर सबै भाषाभाषीहरूले आ-आफ्ना भाषिक इतिहास सुरक्षित राख्न त्यसको उपयोग गर्न सक्नुपर्छ । नेपालमा भाषिक गणना सधैँ त्रुटिपूर्ण हुने गरेको र त्यसलाई वैज्ञानिकता प्रदान गर्नेतर्फ सरोकारवालाले कुनै चासो नराखेकामा विज्ञहरूको गुनासो बारम्बार व्यक्त भएको हुन्छ भने त्यसमा प्रत्येकपटक भाषासङ्ख्या एवम् जनसङ्ख्या वा वक्तासङ्ख्या थपघट हुने मात्र होइन थुप्रै भाषाहरू सूचीकृत हुन नसक्ने प्रक्रियाले उनीहरूलाई बढी चिन्तित बनाएको छ । भाषिक नीति र योजनाको मूल आधार जनसङ्ख्या नै भएकाले यी गुनासा र चिन्ता समाधानार्थ २०७८ सालको जनगणनाका भाषिक सूचनाहरू मिथ्याङ्करहित र विश्वसनीय पार्न वैज्ञानिक जनगणनाविधि प्रयोग गर्नुपर्छ । नेपालमा उन्नाइसवटा भाषाका वक्ता ९५.११ प्रतिशत देखिनु र बाँकी ४.०९ प्रतिशत वक्ताहरूका भाषाहरूको सङ्ख्या एकसय चार हुनु (भाषाआयोग, २०७७ : पृ. २०) भनेको यहाँका सबै भाषाको स्थिति र स्तर एकै प्रकारको छैन भन्ने बलियो प्रमाण हो । आगामी समयमा अल्पसङ्ख्यक-बहुसङ्ख्यक, स्वदेशी-विदेशी, लुप्त-लोपोन्मुख, शास्त्रीय-व्यावहारिक आदि वर्गमा नेपालका भाषाहरू वर्गीकरण गर्न र समाजमा व्यवहृत तर सूचीकृत नभएका तथा अल्पसङ्ख्यक, लोपोन्मुख, दुर्लभ भाषाको अध्ययन-अनुसन्धान गराउन पहलकदमी हुनुपर्छ । शिक्षाको अङ्ग्रेजीकरण, आधुनिकताको प्रभाव, बौद्धिक पलायन, द्वन्द्वको प्रभाव, बसाइँसराइ, सांस्कृतिक विचलन, सूचनाप्रविधिको पहुँचजस्ता तत्त्वबाट नेपाली समाज द्वैभाषिक हुँदै बहुभाषिकतामा पुगेको छ र यसप्रकारको जटिलतालाई चिर्न बृहत् प्राज्ञिक बहस गराई निष्कर्ष निकाल्नुपर्छ । संविधानतः प्रदेश तथा स्थानीय एकाइमा सरकारी कामकाजको दोस्रो भाषा तय गर्न सकिने जुन व्यवस्था भएको छ त्यसको कार्यान्वयन र भाषिक अध्ययन, अनुसन्धान र प्रयोगसन्दर्भमा सामना गर्नुपर्ने समस्याको उचित समाधानका लागि भाषा ऐनको तर्जुमा हुनुपर्छ भने अर्कातिर भाषानीति निर्धारण समिति पनि तत्काल गठन गरिनुपर्छ ।

भाषा आयोगको पाँच वर्षे कार्य रणनीतिका साथै भाषासंरक्षणमा प्रदेश, स्थानीय तह र विभिन्न आयोगबिच विद्यमान दोहोरो भूमिकालाई सुल्ट्याउन कानुनी र वित्तीय अधिकारसहितका के-कस्ता संस्थागत संरचना आवश्यक हुन्छन् (ढकाल, २०७४, पृ. ३) त्यसतर्फ पनि ध्यानदृष्टि पुग्नुपर्छ र यस सन्दर्भमा भाषाविकास कोषको प्रस्तावलाई महत्त्वपूर्ण मान्न सकिन्छ । नेपालका मातृभाषाहरूलाई सक्षमताका आधारमा क्रमशः प्रविधिमैत्री तुल्याई स्तरीय र स्वरोजगारमूलक शिक्षा स्वदेशी भाषामा नै लिन सकिने कुरामा बालबालिकालाई ढुक्क तुल्याउनुपर्छ जसबाट नागरिकहरूमा राष्ट्रबोध र अपनत्वभाव जागृत हुन सकोस् । नेपालका रैथाने भाषालाई जति व्यवहारमा प्रयोग गर्न सक्यो त्यति तिनको विस्तार एवम् विकास हुने भएकाले प्रयोगक्षेत्रविस्तारका लागि भाषाअनुसन्धाताको सहयोगमा मुलुकले कटिबद्धता जाहेर गर्नुपर्छ । नेपालको भाषिक गतिविधिमा प्रत्यक्षतः सहभागी सरकारी, गैरसरकारी निकाय तथा भाषाविद्हरूको निगरानीमा भाषासर्वेक्षण गरी/गराई भाषासङ्ख्या

र स्वरूप स्थिरीकरण गर्नु पनि अत्यावश्यक भइसकेको छ । भाषिक राष्ट्रवाद वर्तमान समयको चर्को विषय हो । राज्यले विज्ञसमुदायको परामर्शमा माध्यम भाषा, मातृभाषा र विदेशी भाषाका योग्यताआधार तयार पारी देशको भाषिक गरिमा उँचो तुल्याउने परिवेश निर्माण गर्नुपर्ने छ भने संविधान, ऐन-कानुन, नियमावलीमा नेपालको बहुभाषिक पृष्ठाधार बलियो बनाइएको छ तापनि भाषाको संरक्षण, संवर्द्धन र विकासमा राज्यको भूमिका क्रियामुखी हुन सकेको छैन ।

राजनैतिक दलहरूले पनि आ-आफ्ना घोषणापत्रमा मात्रै भाषासम्बन्धी नीति उल्लेख गर्ने तर कार्यान्वयनमा ध्यान नदिने जुन यथार्थ छ त्यसले भाषिक अभियानलाई गन्तव्यमा पुऱ्याउँदैन । नेपाली भाषा र नेपालका मातृभाषालाई जुन कार्यगाम्भीर्यका परिधिमा संविधानमा लिपिबद्ध गरियो त्यसको व्यवहारतः परिपालन गर्नेगराउने प्रतिबद्धता सबैबाट व्यक्त हुनुपर्छ । नेपालमा भाषायोजनाअन्तर्गत संरचनागत कार्यहरूले पूर्णता लिन लामो समय लिने भएकाले भाषाआयोगलाई सर्वाङ्गपूर्ण बनाउने गरी भाषा प्रज्ञाप्रतिष्ठान गठन हुनु अनिवार्य छ जसले विशेषज्ञहरूको सहयोगबाट शीघ्रातिशीघ्र काम सम्पन्न गरोस् । शारीरिक अपाङ्गता भएका बालबालिकालाई भाषिक अधिकारसम्पन्न तुल्याउन साङ्केतिक भाषाहरूको विकासमा ध्यान दिनुपर्छ । हिन्दी, अङ्ग्रेजी भाषाबाट लतारिएको र हिज्जे व्यवस्थामा थिलथिलो भएको नेपाली भाषालाई सर्वस्वीकार्य व्याकरणपद्धतिनिर्माण गरी निर्विवाद तुल्याउनु एकातिर वाञ्छनीय छ भने अर्कातिर सङ्कटापन्न, सुषुप्त र लोपोन्मुख मातृभाषाहरूको स्तरोन्नति गरेर तिनलाई मानक र आधुनिक बनाउँदै उच्चशिक्षाका माध्यम तुल्याएर सम्बद्ध जातजातिका संस्कार, संस्कृति, इतिहास, मूल्य-मान्यता र रीतिथितिलाई पाठ्यविषयमा समावेश गर्ने कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्छ ।

## नेपालको वर्तमान भाषिक अवस्था

नेपाल भौगोलिक रूपमा सानो भए पनि यहाँ अनेक भाषाहरूले स्वतन्त्र रूपमा विकसित हुने मौका पाएका छन् जसबाट बहुभाषिक नेपाली स्वरूप र वास्तविकता स्पष्ट भएको छ । विदेशी भाषावैज्ञानिकहरूले गरेका अनेक अनुसन्धान र नेपालभित्रै सम्पन्न गरिएका भाषाविषयक विविध कार्यका निष्कर्षबाट नेपालमा अनेक कथ्यभाषा/मातृभाषाहरू दैनिक व्यवहारमा प्रयोग भएका र तीमध्ये थोरै मात्र भाषाले लेख्य स्वरूप प्राप्त गरेको वस्तुतथ्य सार्वजनिक भएको छ । विश्वका भाषाहरूको अद्यावधिक विवरण प्रकाशन गर्ने एथ्नोलोग (Eberhard, 2021, p. ?) ले नेपालभित्र एकसय छब्बिसवटा भाषाहरूको अस्तित्व रहेको विवरण प्रकाशित गरेको छ भने पाश्चात्य भाषाशास्त्री (Noonan, 2005 : p. 4)) का अनुसार नेपालमा एकसय चालिसवटा भाषाहरू बोलचालमा रहेको थाहा हुन्छ । राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनमा पनि एकसय तेइसवटा भाषा नेपालमा प्रयोग भइरहेको कुरा उल्लेख छ भने त्यसयता पत्ता लगाइएका आठवटा (रानाथारु, नारफू, पाइके, सेराके/सेके, मारेक, नावा शेर्पा, चुम/स्यार, नुब्री) भाषालाई समेत गणना गरेर भाषा आयोगले आफ्नो चौथो वार्षिक प्रतिवेदनमा एकसय एकतिस भाषा उल्लेख गरेको पाइन्छ । पछि पत्ता लगाइएका यी आठवटा भाषाको जनगणनामा सत्यापन हुन नसकेका कारण यिनका वक्तासङ्ख्याका सम्बन्धमा अहिले नै केही भन्न सकिने अवस्था छैन । नेपालका यी सबै भाषाहरू पाँच भाषापरिवारमा आबद्ध रहेको तर्क नेपाली भाषाशास्त्रीहरूले उल्लेख गरेका छन्, स्वीकार गरेका छन् जसअनुसार हाल वक्तासङ्ख्या प्रायः शून्य भएको कुसुण्डा भाषा एकल भाषापरिवारको सदस्यभाषा हो भने सबैभन्दा बढी वक्तासङ्ख्या रहेको, ठूलो भूक्षेत्र ओगटेको र नेपाली, मैथिली, भोजपुरी, बज्जिकालगायत उनन्पचास भाषाहरू भारोपेली भाषापरिवारका सदस्यभाषा हुन् । नेपालकै दोस्रो ठूलो भाषापरिवार भोटचिनिया भाषापरिवार हो र यसअन्तर्गत गुरुङ, तामाङ, मगर, नेवारी, राई, लिम्बु आदि अठहत्तरवटा भाषाहरू सम्मिलित छन् र यस परिवारका सदस्यभाषाहरू प्रायः सम्पूर्ण नेपालमा बोलिन्छन् । त्यस्तै गरी सीमित भूगोलक्षेत्र र वक्तासङ्ख्यामा पनि नगण्य रहेका आग्नेसियाली र द्रविड भाषापरिवारमा क्रमशः दुई र एक भाषा सदस्यभाषाका रूपमा संलग्न छन् । आफूले दैनिक व्यवहारमा प्रयोग गर्ने भाषाकै नाम थाहा नपाउने केही वक्तासङ्ख्या देखिनु, नगण्य वक्तासङ्ख्याको भाषा नै नहुनु र जनगणनामा नसमेटिएका केही वक्तासङ्ख्याले साङ्केतिक भाषा (नेपाली साङ्केतिक, झनकोट साङ्केतिक, जुम्ला साङ्केतिक, घान्द्रुक साङ्केतिक) प्रयोग गरेर आफ्नो दैनिकी चलाउनु पनि नेपालकै भाषिक विविधताजन्य सन्दर्भ हो । यी सबै तथ्यहरूलाई (नेपाल सरकार, २०६९ : पृ. १६४-१६७) तालिकाबद्ध गरेर प्रस्तुत गर्न सकिन्छ :

| भाषापरिवार | वक्तासङ्ख्या (% मा) | भाषासङ्ख्या | भाषाआयोगबाट थपिएका भाषाहरू |
|---|---|---|---|
| भारोपेली | ८२.११ | ४९ | |
| भोटचिनिया | ११.३१ | ७० | |
| आग्नेसियाली | ०.१९ | २ | रानाथारु, नारफू, पाइके, सेराके/सेके, मारेक, नुब्री, नावाशेर्पा, चुम/स्यार |
| द्रविड | ०.१३ | १ | |
| एकल | ०.०० (२८/२/०) | १ | |
| अन्य | ०.२५ | - | |
| जम्मा | १०० | १२३ | ८ |

माथिको विवरणअनुसार एकल भाषापरिवारमा राखिएको कुसुण्डा भाषाका वक्ताहरु आजका मितिमा उपलब्ध नभएको भाषाआयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ भने थप गरिएका भाषाहरुको भाषा परिवार पनि किटान हुन सकिरहेको छैन। नेपाली समाजमा परम्परादेखि चलनचल्तीमा रहेका यी सबै भाषाको समान विकास भएको देखिँदैन। हिजो सत्तासीनहरूले सबै भाषाको चौतर्फी विकास गर्ने-गराउने नीति अख्तियार नगरेकै कारण नेपालका भाषाहरूको जीवन्तता सङ्कटापन्न अवस्थामा पुगेको निष्कर्ष एउटा अध्ययनबाट स्थापित भएको छ र त्यस अध्ययनमा प्रस्तुत तथ्याङ्क (दानराज रेग्मी, सन् २०१७ : पृ. २४२) का अनुसार नेपालका त्रिपन्नवटा भाषाहरू मात्र सुरक्षित अवस्थामा देखापर्छन् भने एकाउन्नवटा भाषाहरू सङ्कटापन्न अवस्थामा रहेका छन्। त्यसैगरी एघारवटा भाषा अपसरणशील स्थितिका देखापर्छन् भने छवटा भाषा मृतप्रायः भएका छन्। एउटा भाषा सुषुप्त अवस्थामा रहेको छ भने एउटा भाषा लोप भइसकेको देखापर्छ। यस परिदृश्यलाई हेर्दा एकातिर नेपालका सम्पूर्ण भाषाको भविष्य र अर्कातिर नेपालमा बोलिने दोस्रो भाषाको उपस्थितिलाई चिनेर संरक्षण, सम्वर्द्धन र विकासका लागि निश्चितप्रकारको नीतिनिर्माण गरी योजनातर्जुमा गरेर अगाडि बढ्नुपर्ने समय आइसकेको छ।

| मातृभाषा | वक्तासङ्ख्या प्रतिशत | दोस्रो भाषा | वक्तासङ्ख्या प्रतिशत |
|---|---|---|---|
| नेपाली | ४४.६४ | नेपाली | ३२.७७ |
| मैथिली | ११.६७ | हिन्दी | ४.६२ |
| भोजपुरी | ५.९८ | मैथिली | ०.७३ |
| तामाङ | ५.७७ | भोजपुरी | ०.६० |
| थारु | ५.११ | थारु | ०.३२ |
| नेवारी | ३.२० | अङ्ग्रेजी | ०.३२ |
| बज्जिका | २.९९ | बज्जिका | ०.२३ |
| मगर | २.९८ | ऊर्दू | ०.१७ |
| अन्य | १७.६६ | अवधी | ०.१७ |
| | | मगर | ०.१६ |
| | | तामाङ | ०.१२ |
| | | नेवारी | ०.१२ |
| | | संस्कृत | ०.०१ |
| | | अन्य | ०.७२ |
| जम्मा | १०० | | ४१.०६ |

नेपालभित्र दोस्रो भाषाको बहुरूपात्मक प्रयोग र लगभग बयालिस प्रतिशत (नेपाल सरकार, २०६९ : पृ. १६४-१६७) यसका वक्तासङ्ख्यालाई हेर्दा यहाँका सबै मातृभाषाहरूको उचित संरक्षण र सम्वर्द्धनबाट यसको पनि स्तरोन्नति र विकास हुने कुरा छर्लङ्ग हुन्छ भने सातवटै प्रदेशमा बोलिने भाषाहरूको प्राथमिकक्रम र वक्तासङ्ख्या पनि यस सन्दर्भमा महत्त्वपूर्ण सूचक हुन सक्छन् भन्ने वास्तविकतातर्फ पनि हाम्रो ध्यानदृष्टि पुग्नु अनिवार्य छ।

| सङ्ख्या | प्रदेश एक | प्रदेश दुई | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| एकलाखभन्दा बढी वक्तासङ्ख्या भएका भाषा | १० | ७ | ४ | ४ | ६ | १ | ५ |
| दश हजारदेखि एक लाखसम्म वक्तासङ्ख्या भएका भाषा | २४ | ४ | १२ | ४ | ५ | २ | ३ |
| दश हजारभन्दा थोरै वक्तासङ्ख्या भएका भाषा | ७२ | ७८ | ९७ | ८० | ७४ | ५२ | ७७ |
| जम्मा | १०६ | ८९ | ११३ | ८८ | ८५ | ५५ | ८५ |

नेपालमा बोलिने यी अनेक भाषाका (नेपाल सरकार, २०६९ : पृ. १६४-१६७) आ-आफ्ना स्थानीय स्वरूप र विशेषता छन् भने हाम्रो भूगोल र समाजका विविध परम्पराका सामीप्यबाट विभिन्न स्थानीय भाषा वा भौगोलिक भाषिका र सामाजिक भाषिकाहरू देखापरेका छन् । बहुभाषिकतामूलक यो विशिष्ट भाषिक स्थिति एकातिर गौरव गर्न लायक छ भने अर्कातिर नेपालमा बोलिने अनेक भाषाहरू अलिखित स्वरूपमा नै छन् र लिखित अवस्थामा आइपुगेका धेरै भाषाका प्रयोगकर्ताहरूले पनि प्रविधिको उचित विकास हुन नसकेका कारण परम्परादेखि प्रयोगमा रहेका आ-आफ्ना लिपिलाई उपयोग गर्न पाइरहेका छैनन् र वैकल्पिक रूपले देवनागरी लिपिकै प्रयोग गर्न बाध्य छन् जसबाट तिरहुता, तिब्बती, कैथी, तमहिग, सिरिजङ्गा, रोङ, अक्खाजस्ता ऐतिहासिक लिपिहरू प्रयोगविहीन बनेका छन् । अनेक जात, धर्म, वर्ग आदिको भिन्नताले नानाथरीका भाषिक बान्कीहरू निर्माण भएको वर्तमान नेपालका सम्पूर्ण भाषाहरूलाई समेट्ने गरी भाषानीति कार्यान्वयन गर्दा यस किसिमको विशिष्टताले महत्त्वपूर्ण दिशानिर्देश गर्छ ।

## नेपाली भाषाप्रयोगको वर्तमान अवस्था

नेपाली जनताको लामो सङ्घर्षबाट स्थापित लोकतान्त्रिक शासनव्यवस्थालाई दिगो, भरपर्दो र विकसित बनाउन यहाँको बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक विशेषतालाई स्वीकार गरी त्यसको संरक्षण र सम्वर्द्धन गर्नु जरुरी छ । सरकारी तथ्याङ्कअनुसार नेपालमा हाल एकसय पच्चिस जातजातिको बसोबास रहेको छ र यी जातजातिहरूले सामाजिक जीवनमा दैनिक प्रयोग गर्ने भाषाहरूको सङ्ख्या एकसय एकतिस रहेको कुरा माथि नै उल्लेख भइसकेको छ । यी भाषामध्येका हिन्दी, मैथिली, नेपाली, अङ्ग्रेजी, नेवारी, संस्कृत, उर्दू, भोजपुरी आदि भाषाहरू पठन-पाठनको उच्च तहमा प्रयोग भइरहेका छन् भने राई, लिम्बु, थारु, तामाङ, गुरुङ, मेचे, शेर्पा, सुनुवार, अवधि, राजवंशी, बज्जिका, चेपाङ आदि भाषाका पाठ्यपुस्तक तयार भई कक्षा एकदेखि कक्षा तीनसम्म पठन-पाठन प्रारम्भ भएको देखिन्छ । संघीय, प्रादेशिक र स्थानीय तहमा माथिका भाषाहरूमध्ये अधिकांश सञ्चार क्षेत्रमा प्रयोग भएका छन् भने सरकारी कामकाजमा कुनै पनि भाषाको प्रयोग भएको जानकारी प्राप्त छैन र नेपाली भाषा प्राचीन समयदेखि नै राजकाजको भाषा रहिआएको र वर्तमान समयमा पनि यो संवैधानिक मान्यताप्राप्त सरकारी कामकाजको प्रमुख भाषा बनेको छ ।

हिमाली क्षेत्रमा ४.१६ प्रतिशत, पहाडी क्षेत्रमा २७.२९ प्रतिशत र तराई क्षेत्रमा १३.१९ प्रतिशत वक्ताहरूले नेपाली भाषालाई मातृभाषाको रूपमा र ३२.७७ प्रतिशत वक्ताहरूले यस भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् (नेपाल सरकार, सन् २०१४ : पृ. ५६) । नेपालका अन्य राष्ट्रभाषाहरूको स्तरोन्नतिका लागि भाषा आयोगले छोटो समयमा नै थुप्रै प्रायोगिक काम सम्पन्न गरिसकेको छ भने सरकारी निकायदेखि सार्वजनिक स्थल, यातायातका साधनहरू र परीक्षाको माध्यममा नेपाली भाषाको प्रयोग बढाउन सरकारलाई सुझाउ दिए पनि त्यसको कार्यान्वयनमा ढिलाई गरी अङ्ग्रेजी भाषालाई प्राथमिकता दिएकामा सरकारको दृष्टिकोण स्पष्ट हुनुपर्ने भनी आयोगले ध्यानाकर्षण गराएको छ । आ-आफ्ना भाषा र संस्कृतिको जगेर्नाका लागि क्रियाशील हुँदै जातीय दोहोरो सम्प्रेषण र धार्मिक-सांस्कृतिक पर्वविशेषका विधिविधानमा आफ्नो मातृभाषा, अनौपचारिक-औपचारिक शिक्षाका सबै तहमा नेपाली-अङ्ग्रेजी र प्रशासनिक कामकाजमा नेपाली भाषा प्रयोग हुँदै आएको

छ । सदियौँदेखि एकताबद्ध रही सामञ्जस्यपूर्ण ढङ्गले अगाडि बढेको समाजलाई विभिन्न द्वन्द्वको चक्रव्यूहमा फसाउने दुराशयसहित संसारभरिका अधिकांश मातृभाषाहरूमाथि कुठाराघात गरी अङ्ग्रेजीभाषाको प्रचारक बनेको लर्ड म्याकलेको शिक्षासम्प्रदायबाट दीक्षित तथाकथित भाषिक अभियन्ताहरू यहाँका मातृभाषालाई निरर्थक सिद्ध गर्न कम्मर कसेर लागेका छन् । उनीहरू नेपाली भाषाले सबै नागरिकको साथसमर्थनमा राजनैतिक, न्यायिक, प्रशासनिक, साहित्यिक आदि क्षेत्रमा प्राप्त गरेको गौरव र सम्पर्क भाषाका रूपमा अन्तर्भाषिक तथा अन्तर्जातीय पक्षमा स्थापित गरेको महत्तालाई तिरस्कार गरी भाषिक विवाद खडा गर्न उद्यत भइरहेका छन् ।

एघारौँ शताब्दीमा नै लिखित इतिहास भएको, विभिन्न कालखण्डमा अभिलेखीय र वाङ्मयको भाषा बन्दै अठारौँ शताब्दीमा साहित्यरचनामा प्रयुक्त नेपाली भाषा कुनै शासक-प्रशासकले उपहार दिएको भाषा होइन, जनस्तरबाट अनुमोदित-संरक्षित भाषा हो । यो प्रशासनिक, कानुनी, साञ्चारिकजस्ता प्रयोजनगत भेदमा समेत विशिष्टीकरण भएको भाषा हो र अधिकांश नेपालीहरूले मातृभाषा एवम् दोस्रो भाषा हो भन्ने कुरा बिर्सिएर शासकविशेषको नामसँग जोडेर यसको विरोध हुनु चिन्ताको विषय त हुँदै हो, नितान्त जनविरोधी काम हो । हुन त, २००८ सालयता नेपालको राष्ट्रभाषा हिन्दी भाषा हुनुपर्छ (पोखरेल, २०७४ : पृ. २५) भनेर पटकपटक माग गर्नु, नेपालका अधिकांश भारोपेली भाषासमूहका सदस्य मातृभाषाको जननी र ती भाषामा प्रयुक्त शब्दभण्डारको स्रोत संस्कृत भाषालाई कहिले मृतभाषा भनेर र कहिले पण्डितवर्गको कर्मकाण्डी भाषा मानेर त्यसको विरोध भएकै थियो । पछिल्लो समयमा संविधानतः कामकाजको सरकारी भाषा मानिएको नेपाली भाषाको चर्को आलोचना हुनु विचारणीय छ । कतै यी विरोधका पछाडि अङ्ग्रेजी भाषालाई देशको प्रमुख भाषा बनाउने कुत्सित मनसाय त कारण बनेको छैन, सबै सचेत हुनुपर्ने छ । नेपाली भाषाको विरोध नगरेर नै अन्य सबै मातृभाषाको संरक्षण र उत्थान हुन सक्दछ र विरोधकै भरमा नेपालको अर्को कुनै मातृभाषाले आजको भोलि राष्ट्रिय एकताको प्रतीक, आर्थिक कारोवारको मुख्य माध्यम, अन्तर्राष्ट्रिय-राष्ट्रिय तहमा सम्पर्कसूत्र, पठन-पाठनको आधार र अन्तर्राष्ट्रिय भाषा बन्ने शक्ति (पोखरेल, सन् २०१३ : पृष्ठ उल्लेख नभएको) प्राप्त गर्ने सम्भावना पनि छैन ।

राष्ट्रको सर्वाङ्गीण क्षेत्रको खनखाँचो टार्ने भाषाका रूपमा नेपाली भाषाको विकास हुनुपर्छ अनि विभिन्न भाषाका प्रयोगकर्ताका बिच वैरभाव नहोस्, सद्भावपूर्ण सहकार्य हुन सकोस् (गिरी, सन् २०१० : पृ. १९७) भन्नेतर्फ सचेत हुँदै अरू भाषाको उन्नयनमा नेपाली भाषाभाषीहरू सहयोगी हुनुपर्छ । अहिले नेपाली भाषाको विरोधभन्दा पनि भाषिक प्राथमिकतामा परेका नेपालका हरेक भाषालाई लिपीकरण, वर्णमालानिर्माण, शब्दकोशसम्पादन, पाठ्यसामग्रीनिर्माण, प्राविधिक शब्दसूची तर्जुमा, मानकीकरणको प्रक्रियामार्फत सक्षम बनाउनु सबैको चासो र सरोकारको विषय हुनुपर्ने हो । वर्तमान समयमा एकातिर बहुभाषिक शिक्षाको विकास गर्नुपर्ने चटारो छ भने अर्कातिर देशभित्र उपलब्ध भाषाविज्ञहरूलाई अध्ययन-अनुसन्धान कार्यमा संलग्न गराई देशमा त्यस्तो भाषिक वातावरण निर्माण गर्नु जरुरी भइसकेको छ जसमा नेपालका अल्पसङ्ख्यक भाषाहरूको समेत स्तरोन्नति हुन सकोस् । परिवर्तित नेपालमा नेपाली भाषाको बहुआयामिक प्रयोग र त्यसको स्तरवृद्धि हुँदै गएको अवस्थाप्रति आफ्नो भाषा हेपिएको वा ठगिएको ठान्नु उचित होइन । भाषाविकासको गतिलाई तीव्र बनाउन सम्बन्धित भाषाभाषीहरूमा शैक्षिक स्तरको वृद्धि, भाषिक प्रतिबद्धता र जागरुकताजस्ता तत्त्वले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् र साहित्यिक गतिविधिद्वारा भाषिक अभिवृद्धिमा पहुँच पुऱ्याउनु, भाषाप्रयोगप्रति सहिष्णु व्यवहार प्रदर्शन नै कुनै पनि भाषोन्नतिको मूलमार्ग हो । नेपालको चौतर्फी विकासको चाह हो भने भाषाक्षेप र विदेशी भाषाप्रतिको लगाव दुवै छोडेर यहाँका हरेक भाषा, संस्कृति, कला र परम्पराको उत्थान र विकासमा फुटेर होइन जुटेर समन्वित रूपमा काम गर्नु र सरकारपक्षलाई त्यस दिशातर्फ डोऱ्याउनु हाम्रो साझा कर्तव्य र दायित्व हो ।

## निष्कर्ष

हाम्रा भाषा र संस्कृतिहरू नासिए हाम्रो सभ्यताको मूल सुक्ने र त्यसपछि हामी नेपाली पनि क्रमशः मेटिने भएकाले सबै भाषा, संस्कृति, इतिहास, परम्परा आदिको जगेर्ना गर्दै विकासको राजमार्ग निर्माण गर्ने उद्देश्यबाट नेपालले बहुभाषिक नीति

अख्तियार गरेको हो । भाषिक सद्भाव, समन्वय र आपसी सहयोगबाट राष्ट्रिय राजनीति, एकता र भाइचाराको संरक्षण, सम्वर्द्धन र सुदृढीकरण हुने ठानी बहुसङ्ख्यक नेपाली नागरिकको सम्पर्कको साधन र सरकारी कामकाजको प्रमुख माध्यम, अत्यधिक नेपालीहरूको दोस्रो भाषा मानिएको नेपाली भाषालाई उपेक्षा नगरी अन्य मातृभाषाको संरक्षण, सम्वर्द्धन र विकासमा सम्पूर्ण ध्यान केन्द्रित गर्नु आजको आवश्यकता हो । भाषा ज्ञान होइन, ज्ञान लिनेदिने एउटा मामुली साधन हो भन्ने विषयलाई हृदयङ्गम गरी देशको शिक्षा, सञ्चार, कानुन, व्यापार आदि क्षेत्रमा स्थापित-मानित भइसकेको अवस्थालाई मनन गरी नेपाली भाषा अन्य मातृभाषाको उन्नयनमा पूर्णतया सहयोगी हुन सक्छ भन्ने उदार विचार राखेर भाषानीतिलाई व्यवहारतः सिद्ध गर्नुपर्छ । प्रदेश तहमा विज्ञहरूको परामर्शमा सरकारी कामकाज सम्पन्न गर्न कुनकुन भाषा मूलतः योग्य छन्, तिनको क्रमनिर्धारण गरी कतिवटा भाषालाई त्यस्तो अधिकार प्राप्त हुने र जुनजुन प्रदेशमा त्यस्ता योग्यता पुगेका भाषाहरू छैनन् त्यहाँ बहुमत वक्तासङ्ख्या भएका भाषालाई विधिअनुसार सक्षम बनाएर उपयोग गर्ने कार्ययोजना आवश्यक देखिन्छ भने यी सबै काममा संघीय भाषा आयोगका मातहतमा गठन हुने प्रादेशिक संरचनाको सक्रियता सदैव जरुरी हुन्छ । आवधिक राष्ट्रिय जनगणनालाई विश्वसनीय तुल्याई प्राप्त भाषिक सूचनाहरूका सापेक्षतामा कार्यरणनीति तर्जुमा गरी अगाडि बढ्दा र भाषिक सर्वेक्षणबाट प्राप्त हुने भाषासङ्ख्यालाई सम्बोधन गर्दा यससम्बन्धी जटिलतालाई एउटा उचित निष्कर्षमा पुऱ्याउन सकिन्छ ।

## सन्दर्भस्रोत


अधिकारी, हेमाङ्गराज (२०६२). सामाजिक तथा प्रायोगिक भाषाविज्ञान. ते.सं.. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गिरी, जितेन्द्रदेव (सन् २०१०). “नेपालको भाषानीति”. त्रिवि जर्नल. वर्ष २७. अङ्क १-२, पृ. १९०-२०१ ।

घिमिरे, वासुदेव (२०६५). समाजभाषाविज्ञान. काठमाडौँ : वाङ्मय प्रकाशन ।

दुबिनन्द, ढकाल (२०७४). “भाषानीति कार्यान्वयन कसरी ?”. अन्नपूर्णपोष्ट. २३ माघ ।

नेपाल सरकार (२०४७). नेपाल अधिराज्यको संविधान २०४७. काठमाडौँ : कानुन आयोग ।

नेपाल सरकार (२०६३). नेपालको अन्तरिम संविधान २०६३. काठमाडौँ : कानुन आयोग ।

नेपाल सरकार (२०६८). नेपालको राष्ट्रिय जनगणना. काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

नेपाल सरकार (२०७२). नेपालको संविधान २०७२. काठमाडौँ : कानुन आयोग ।

नेपाल सरकार (२०७७). भाषा आयोगको चौथो प्रतिवेदन. काठमाडौँ : भाषा आयोग ।

नेपाल सरकार (सन् २०१४). पपुलेसन मोनोग्राफ अफ नेपाल. अङ्क २. काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

पोखरेल, माधवप्रसाद (सन् २०१३). “नेपाली भाषाको वर्तमान स्थिति”. https://madhavpokharel.com.np. Oct 23.

पोखरेल, शैलजा (२०७४). “नेपाली भाषाको सामाजिक इतिहास”. माधवप्रसाद पोखरेल. सम्पा.. जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (पहिलो ठेली). ललितपुर : कनकमणि प्रकाशन ।

पौडेल र भट्टराई, राजेन्द्र र रमेश (२०७७). नेपालको भाषानीति र योजना आधार. काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

रेग्मी, दानराज (सन् २०१७). “नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षात्मक विश्लेषण”. गिपान. वर्ष ३. अङ्क २. पृ. २२८-२६० ।

Eberhard, David M., Gary F. Simons, and Charles D. Fennig (eds.). (2021). Ethologue: Languages of the World. 24th edition. Texas: SIL International.

Noonan, M. (2005). "Language Documentation and Language Endangerment in Nepal". A paper presented at University of Iceland.